"सार्वजनिक सेवाको गुणस्तरीयताका लागि"

# सार्वजनिक सुनुवाई कार्यक्रम

## प्रतिवेदन

**आर्थिक तथा प्राविधिक सहयोग**
नेपाल युवा संस्था सञ्जाल(आयोन)प्रयास कर्णाली प्रदेश सुर्खेत र इन्सेक कर्णालीप्रदेश सुर्खेत कार्यालय

**सहजीकरण :** गोविन्द खत्री, जागरण एफ एम सुर्खेत

**आयोजक : वीरेन्द्रनगर नगरपालिका,**

**सुर्खेत**

सार्वजनिक निकायले प्रवाह गर्ने सेवा र सम्पादन गरेकाका कामका बारेमा सेवाग्राहीहरुलाई जानकारी गराई त्यसम्बन्धी सेवाग्राहीहरुका जिज्ञासा मेटाउनुका साथै सेवाग्राहीहरुका सुझावहरुलाई ग्रहणगरी सेवालाई थप प्रभावकारी बनाउनका लागि सुशासनका औजारहरु मध्य महत्वपूर्ण औजार हो, सार्वजनिक सुनुवाई । सार्बजनिक सुनुवाईले सेवाग्राही र सेवाप्रदायक एकै थलोमावसी सेवालाई थप प्रभावकारी बनाउका लागि सहयोग पुग्दछ । सार्बजनिक सुनुवाईले सार्वजनिक निकायले दिने सेवाको बारेमा सेवाग्राहीबाट मूल्याङ्कन गर्ने तथा सेवा प्रवाहमा थप सुधार ल्याउने कार्यमा सहयोग गर्दछ । यसले सेवाप्रदायक निकायमा जवाफदेहिता प्रवर्द्धन गर्नुको साथै पारदर्शीता कायम गर्ने कार्य गर्दछ ।

स्थानीयस्तरमा नागरिक र सेवा प्रदायक निकायबीच सुमधुर सम्वन्ध स्थापित गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउका लागि सेवा प्रदायकले सेवाग्राहीका गुनासा तथा सुझावहरु ग्रहणगरी आगामी दिनमा सेवालाई थप प्रभावकारी बनाउका लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने प्राब्धान छ । सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३० मा प्रत्यक्ष रुपमा सेवा प्रवाह गर्ने हरेक निकायले सार्वजनिक सुनुवाई गराउनुपर्ने कानूनी व्यवस्था  छ । ऐनमा सर्वसाधारणलाई सेवा प्रदान गर्ने क्षेत्रीय, अञ्चल, जिल्ला र स्थानीय स्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम कारबाहिलाई स्वच्छ, पारदर्शी र बस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाका विधिसम्वत् सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनु पर्ने उल्लेख गरिएको छ । त्यसैगरी सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ । सो नियमावलीले सार्वजनिक कार्यालयबाट सेवाग्राहीलाई दिईने सेवा सुविधाको जानकारी दिनुपर्ने, कार्यालयसंग सम्बन्धित समय, जनगुनासो तथा उजुरी संकलन गर्नु पर्ने, कार्यालयबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमको बजेटको जानकारी दिनुपर्ने, सेवाका सकारात्मक तथा नकारात्मक प्रभावबारे सुझाब संकलन गर्नु पर्ने स्पष्ट व्यवस्था गरेको छ ।

अहिले देश संघीय साशन प्रणालीमा गएको छ । जस अन्तर्गत स्थानीय, प्रदेश र संघीयगरी तीन तहका सरकार रहने व्यवस्थापश्चात स्थानीय तहलाई आफै कानुन बनाउने अधिकार समेत दिएका छ । सार्वजनिक सुनुवाईसंग सम्बन्धित स्पष्ट नयाँ नियम तथा कार्यविधि नबनाउँदासम्म पूरानै नियमहरुलाई पालना गर्नुको प्राब्धानलाई पालना गर्नुपर्ने हुन्छ । यसै अन्तर्गत **वीरेन्द्रनगर नगरपालिकाको** सेवाग्राही र सेवा प्रदायकबीच सार्वजनिक सुनुवाई कार्यक्रम २०७७ चैत ३० गते सम्पन्न भएको छ । नेपाल युवा संस्था सञ्जाल (आयोन) प्रयास कर्णाली प्रदेश सुर्खेत  र इन्सेक कर्णाली प्रदेश सुर्खेत कार्यालयको आर्थिक तथा प्राविधिक सहयोग तथा नगरपालिकाको आयोजनामा सार्बजनिक सुनुवाइ सम्पन्न भएको हो ।

## सार्वजनिक सुनुवाई कार्यक्रमका उद्देश्यहरु :

- नगरपालिकाले प्रवाह गर्ने, सेवा, विकास निर्माण लगायतसंग सम्बन्धित नागरिकका गुनासा एवं जिज्ञासाको सुनुवाई गर्न तथा त्यससम्बन्धी नागरिकका सुझाव संकलन गर्न ।
- नगरपालिकाले दिने सेवाहरु पारदर्शी, जनमुखी, जवाफदेहि, गुणस्तरीय बनाउनको लागि ।
- पालिका र पालिका अन्तर्गत कार्यालयहरुले सार्वजनिक सेवा प्रदान गर्ने सिलसिलमा नागरिकले भोग्नु परेको समस्याहरुलाई समयमै समाधानगरी सार्वजनिक सेवा चुस्त दुरुस्त र पारदर्शी वनाउन ।

- जनप्रतिनिधि, राष्टसेवक कर्मचारी र नागरिकबिच समन्वय, सहकार्य एकताको विकासगरी सहयोगात्मक साशन प्रणाली विकास गर्न ।

## सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण :

**सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको**

**नाम** : गोविन्द खत्री

**ठेगाना** : जागरण एफ एम सुर्खेत

**सुनुवाइ गरिएका विषयवस्तुहरु**

क) नगरपालिकाले प्रवाह गर्ने सेवाको प्रभावकारिता सम्बन्धी

ख) नगरपालिकाबाट भैरहेको विसका निर्माणको गुणस्तरीयता एवं प्रभावकारिता सम्बन्धी

ग) युवा तथा लक्षित वर्गको सहभागिता र नीति, कार्यक्रम योजना सम्बन्धी

घ) नागरिकका आधारभूत अधिकार शिक्षा, स्वास्थ्य, खाद्य तथा कृषि सम्बन्धी नीति तथा कार्यक्रम

**कार्यक्रम आयोजना स्थल :–** जिल्ला समन्वय समितिको सभाहल वीरेन्द्रनगर सुर्खेत

- **कार्यक्रम आयोजना गरिएको मिति र समय** : २०७७/१२/३० गते दिउसो १:३० देखि ४:३० सम्म
- **कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा)** : ३ घण्टा

**जवाफदेहि वक्ताहरु**

| | |
|---|---|
| १ ) देव कुमार सुवेदी | नगर प्रमुख |
| २) मोहनमाया ढकाल | नगर उपप्रमुख |
| ३) टिकाराम ढकाल | प्रमुख प्रशासकीय अधिकृत |

## सार्वजनिक सुनाई कार्यक्रममा सहभागीहरुको विस्तृत विवरण

| मिति | स्थान | जम्मा सहभागी | जाती तथा लिंगगत विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | जनजाति | | ब्राहमण क्षेत्री | | अन्य | |
| | | | म | पु | म | पु | म | पु | म | पु |
| २०७८/१२/३० | जिल्ला समन्वय समितिको हल | १५० | ११ | ९ | ३ | ३ | ३५ | ७३ | १० | ६ |
| जम्मा | | | | | | | | | | |

| सार्वजनिक सुनुवाईमा उठेका प्रश्न/जिज्ञासा र उत्तर | | | |
|---|---|---|---|
| प्रश्न गर्ने व्यक्तिको विवरण | | जवाफदेहि व्यक्तिको विवरण | |
| प्रश्न उठाउनेको नाम र ठेगाना | विषय तथा सवालहरु | जवाफदेही व्यक्तिको नाम र संस्था | जवाफदेही व्यक्तिको जवाफ |
| पिताम्बर ढकाल नागरिक सरोकार संघ सुर्खेत | सार्वजनिक सेवालाई पारदर्शी बनाउनका लागि नगरपालिका नियमित रुपमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ । | टिकाराम ढकाल प्रमुख प्रशासकीय अधिकृत | तपाइको सुझावलाई ग्रहण गर्छौं । आगामी असार मा पनि सार्वजनिक सुनवाई गर्नेछौं । यदि कोरोनाको जोखिम रहेन भने । |
| रोम ब. सोमइ मगर | झावर टोल देखि उत्तर शंकरचोक देखि दक्षिण पर्ने जनजागृती टोल वस्ती बाढीको जोखिममा छ । यसको के व्यवस्था हुन्छ नगर प्रमुख ज्यू । | देव कुमार सुवेदी नगर प्रमुख | त्यहाँको लागि योजना परिसकेको छ तपाइहरु छिटो समिति गठन गरेर सम्झौता गर्न आउनुहोला । |
| | पृतनादेखि झाँक्रिको थानसम्म जाने ट्र्याक पनि खुलेको छैन । बाटोको विवाद छ कसरी समाधान हुन्छ । | मोहनमाया ढकाल उपप्रमुख | विकास निर्माणमा विवाद आउनु दुखत कुरा छ । यदि त्यहाँ पनि विवाद छ भने न्यायिक समितिमा निवेदन दिनुहोला । छलफल गरौँला । |
| | पूरानो ७ मा शहरी नापी भयो र साविक ८ मा शहरी नापीको काम ठप्प छ कहिलेसकिन्छ ? गुरुयोजना अनुसार कुनै पनि व्यवस्था हुन सकेको छैन । | देव कुमार सुवेदी नगर प्रमुख | शहरी नापीको काम जेठसम्ममा सक्ने योजना छ। चाँडै हुन्छ । |
| मायाराम जैशी वडा नं. ८ मिनडाँडा | माथि तिर सबै तिरबाट नालाको पानी कुइनेपानी हुँदै तल निकास गर्ने गरिएको छ । तल हाम्रो वस्ती छ । त्यसको व्यवस्थापनका लागि नगरपालिकाले चासो देओस । | देव कुमार सुवेदी नगर प्रमुख | त्यस समस्यालाई समाधान गर्नका लागि हटलाइन बाटै इत्राम खोला र खारखोलीमा पानी निकास गर्नेगरी डिजाइन भैसकेको छ । यस बर्ष त्यस्तो नहोला। |
| | नगरपालिकाले अपांगता भएका व्यक्तिहरुका लागि के कति बजेट छुट्याएको छ ? विपन्न वर्गका लागि आगामी दिनमा के कस्ता कार्यक्रम बनाउने सोच्नुभएको छ? | मोहनमाया ढकाल उपप्रमुख | वडागत रुपमा पनि बजेट छ। ठ्याकै यति भन्न सकिने अवस्था छैन । तर हामीले गर्नुपर्नेजति गर्न नसकेको महशुस भएको छ । आगामी दिनमा स्वरोजगार बन्ने खालका कार्यक्रम बनाउने सोचे छ । |
| सीता वली पत्रकार | यूवाका लागि नगरपालिकाले कति बजेट छुट्याएको छ ? मैले बुझ्न जाँदा जम्मा ३ लाख | देव कुमार सुवेदी नगर प्रमुख | तपाइले भनेजस्तो ३ लाख मात्र होइन हामीले युवाका लागि छुट्याएको सबै बजेट करिब २ करोड होला । |


| | | | |
|---|---|---|---|
| | छुट्याएको र त्यो पनि यूवाका लागि मात्र भनेर किटेको छैन । यूवाका लागि कस्ता कार्यक्रम बनाउने योजना छ ? | | रनिङसिल्ड, स्वरोजगार, लगायतमा बजेट छुट्याएका छौँ । आगामी दिनमा यूवाहरुलाई रोजगारी सिर्जनागर्नेगरी बजेट विनियोजन गर्छौं । |
| करिश्मा बैगार वडा नं. ५ | नगरपालिकाले गन्दर्भ जातिका लागि आएको कार्यक्रम अरुलाई नै दिएको बुझियो हामीलाई किन हो ? | मोहनमाया ढकाल उपप्रमुख | त्यस्तो होइनहोला सबै दलितलाई भनेर छुट्याइएको रकम हुन्छ । तै पनि के भएको रहेछ म बुझ्छु कार्यालयमा एक दुइ दिनमा आउनुहोला । |
| सम्झाना सुनार वडा नं. २ | सरस्वती आधारभूत स्कूलमा पढ्ने बालबालिकाहरु धेरैजसो अभिभावक विहिन छन उनीहरुलाई कसले हेर्छ ? साथै एक जना वहिनीको मुटुको भल्व बाहिरै देखिएको छ आर्थिक अवस्था कम्जोर छ उनको उपचारका लागि नगरपालिकाले सहयोग गर्छकी गर्दैन ? | देव कुमार सुवेदी नगर प्रमुख | हामीले अनाथ बालबालिकाहरुका लागि एसओएस, कोपिला भ्याली लगायतसंग सम्वन्य गरेर पढाएका छौँ । विपन्न परिवारकालागि छात्रबृति पनि दिने गरेका छौँ । यदि साँचिकै असाहाय हुन भने नगरपालिकाले आगामी दिनमा सहयोग गर्छौं । उपचारका लागि नगरपालिकाले समन्वय गर्छौं। |
| | छात्रबृतिको सूचना गरेका रहेछ हामीले थाहा पाउन सकेनौं । | टिकाराम ढकाल प्रमुख प्रशासकीय अधिकृत | हामीले वेवसाइट, सूचना पाटी र फेसबुक पेजमा पनि सूचना गरेका हुन्छौं । अझै व्यापक गर्नका लागि सुर्खेतका सबै रेडियोबाट कार्यक्रम पनि सुरु गरेका छौँ अब सुधार हुन्छ होला भन्ने विश्वास छ । |
| भगवती बैगार | श्रीनगर वस्ती ठूलो छ टोल विकास संस्था विभाजन गर्न माग गरेको एक बर्ष भयो किन भएन ? | देव कुमार सुवेदी नगर प्रमुख | हामी टोल विकास संस्था धेरै भए मर्ज गर्नुपर्छ भन्नेमा हामी छौं त्यसैले फुटाउने कुरा नगरौं । |
| बसन्त जैसी मप विश्व विद्यालय | दृटि विहिन तथा पढ्न नसक्नेहरुका लागि सूचना माग गर्दा नगरपालिको कसरी दिने व्यवस्था छ ? | टिकाराम ढकाल प्रमुख प्रशासकीय अधिकृत | वास्तमा त्यसमा समस्या छ । अहिलेसम्म हामीले अभ्यास गरेको भनेको लिखित रुपमा नै दिने गरेका छौँ । यदि उहाँहरु आफ्नो सहयोगी लिएर आउनुभयो भने हामीले सूचना दिन्छौं ।सूचना हकले पनि यस सम्बन्धी केही बोलेको देखिदैन । तर अब कसरी दिनसकिन्छ भन्ने विषयमा हामी सोच्नुपर्ने भएको छ । |
| शंकर आचार्य | फोहोर फाल्ने ठाउँ किन खोला भयो ? वायू प्रदुषण कम गर्ने के छ योजना ? | देव कुमार सुवेदी नगर प्रमुख | नगरपालिको खोलामा फोहोर फालेको छैन । लुकी छिपी अरुले फाल्ने गरेका छन । त्यसका निम्ति हामीले सचेतना गरिरहेका छौं । वायू प्रदुषण कम गर्नका लागि |

| | | | |
|---|---|---|---|
| | | | योजनाको सम्झौता गर्दा नै केही प्रतिशत रकम त्यसका लागि राख्नेकीभन्ने सोचेका छौं |
| | सडकमा जेब्रा कसिङ निर्माण किन गरिएको छैन ? | देव कुमार सुवेदी नगर प्रमुख | सडकमा जेब्रा कसिङ लगायत ट्राफिक नियम सम्बन्धी काम गर्नका लागि ट्राफिक प्रहरीसंग सम्झौता भैसकेको छ । |
| | वीनपा ५ कृष्ण मन्दिरदेखि पारि जाने सडकमा पूल निर्माण किन हुन सकेको छैन ? | | त्यहाँको पुल बनाउने विषयमा जग्गाको समस्या छ । समाधान गर्न सबैले सहयोग गर्नुपर्छ । |
| तेजेन्द्र चन्द | उजुरी पेटिकाको सदुपयोग बढाउनुपऱ्यो यो आवश्यक छ । | टिकाराम ढकाल प्रमुख प्रशासकीय अधिकृत | अहिले मान्छेहरु कार्यलयमा प्रत्यक्ष भेटेर, फोन फेसबुकबाट आफ्ना कुराहरु राख्न थाले उजुरी पेटिका समय अनुसार भएनकी भन्ने लागेको छ । |
| देवराज घोडासैनी वडा नं. ११ | विपत्को समयमा यूवालाई अगाडी सारिन्छ तर योजना बनाउन किन युवालाई सहभागी गराइदैन ? | देव कुमार सुवेदी नगर प्रमुख | युवाहरुलाई सहभागी गराउने गरिएको छ । अझै सहभागिता बढाउने छौं । आगामी दिनमा । |
| | चौखेढुँगामा काठको पोल ढल्न लागेकाले नगरपालिकाबाट पोल लगेका छौं तर विद्युतले ढलेपछि मात्रै परिवर्तन गर्छौं भन्छ यसले त जोखिम भयो नगरपालिकोले समन्वय गरिदिनुपऱ्यो । | देव कुमार सुवेदी नगर प्रमुख | त्यो विषयमा विद्युत अफिसले नै हो गर्नुपर्ने हामीले त पोल चाहियो भन्नु भयो उपलब्ध गरायौं । विद्युतको नियम के छ ढलेपछि नै परिवर्तन गर्ने छ की । बुझौंला । |
| दुर्गा धमला वडा नं. ८ स्वंसेविका | हामीले जोखिममा काम गऱ्यौं तर प्रयाप्त मास्क सेनिटाइजरको पनि व्यवस्था गरिएको छैन । यसमा ध्यान दिइयोस । | मोहनमाया ढकाल उपप्रमुख | कोरोना संकटका बेला तपाइहरुले ठूलो सहयोग पुऱ्याउनुभएको छ । कहिले काँही पुऱ्याउन सकिएन होला । आगामी दिनमा ध्यान दिन्छौं । |
| | महिला स्वास्थ्य स्वंसेविकाका लागि छुट्याएको बजेट कहाँ कसरी खर्च गरिन्छ ? साथै हामीलाई केही प्रोत्साहान रकम दिन सकिन्छ की ? | | स्वंसेविकाका लागि छुट्याएको बजेट तपाइहरुकै सञ्जालबाट खर्च हुन्छ । आगामी दिनमा प्रोत्साहान रकम दिने विषयमा कसरी अगाडी बढ्ने भन्ने सोचौंला। |
| प्रकाश सारु | सडकमा छाडा पशु व्यवस्थापनका लागि नगरपालिकाले फार्मलाई पैसा दिएको सुनियो । तर समस्या उस्तै छ किन ? | देव कुमार सुवेदी नगर प्रमुख | नगरपालिको त्यसका लागि कसैलाई पैसा दिएको छैन । प्रदेश सरकारले दिएको हो । आगामी दिनमा कसरी व्यवस्थापन गर्ने योजना बनाउछौं । |

| | | | |
|---|---|---|---|
| राम कुमारी खत्री | हामी बाढी पीडित भएर बसेका छौं । हामीलाइ दिने पैसाले घर बनाउन पुग्दैन। बरु हामीलाई घर नै दिनुपर्‍यो । | देव कुमार सुवेदी नगर प्रमुख | अहिले हामीले केही गर्न सक्ने अवस्था छैन। भूमि सम्बन्धी समस्या समाधान आयोग बनेको छ त्यसले समाधान गर्ला । |
| रेणुका कोइराला मिलडाँडा | भूमिहिन समस्या समाधान वडा सहजीकरण समितिका लागि कुनै सेवा सुविधा छ की छैन ? | देव कुमार सुवेदी नगर प्रमुख | अरु कुनै सुविधा छैन बैठक बसेको दिन दिनको आठ सयमा कर कट्टी गरेर भत्ता पाइन्छ । |
| | अपांगता भएकालाई निशुल्क स्वास्थ्य विमा गर्न नगरपालिकाले सक्छ की ? | देव कुमार सुवेदी नगर प्रमुख | त्यस्तो व्यवस्था अहिले गर्न सकेका छैनौं । आगामी दिनमा केही गर्न सकिन्छ की सोचौंला । |
| रमा केसी वडा नं. १ | सडकमा ट्राफिक नियमका संकेतहरु नहुँदा समस्या भएको छ नगरपालिकाले किन व्यवास्ता गरेको हो ? | देव कुमार सुवेदी नगर प्रमुख | अघि नै पनि जवाफ दिइसकेको छु अब चाँडै गर्छौं । ट्राफिक प्रहरीसंग समन्वय गरिसकेका छौं । |
| गीता बैगार वडा नं. ५ | फोहोर उठाउने गाडीमा फिर्ता दिँदैनन् उनीहरुलाई भनिदिनुपर्‍यो । | देव कुमार सुवेदी नगर प्रमुख | त्यस्तो समस्या अरुले पनि भन्ने गर्नुभएको छ। समन्वय गरौंला । |
| ममता रखाल वडा नं. १० | एकल महिलाका लागि नगरपालिकाले के कार्यक्रम बनाएको छ ? | मोहनमाया ढकाल उपप्रमुख | एकल महिलाहरुका लागि सहकारी मार्फत गर्ने गरी केही कार्यक्रमहरु छन । साथै विभिन्न संस्थाहरुसंग समन्वयमा पनि कार्यक्रम बनाएका छौं । |
| सन्त बहादुर केसी वडा नं. १० | कृषिका लागि यो बर्ष कति बजेट छुट्याइएको छ ? कति खर्च भयो अहिलेसम्म । | देव कुमार सुवेदी नगर प्रमुख | जम्मा ७० लाख नगरपालिकाले कृषिका लागि छुट्याएको छ । त्यस मध्य ५० प्रतिशतजति खर्च भैसक्यो । यस बाहेक वडाहरुले पनि छुट्याएका छन् । यूएनडीपीसंग सहकार्यमा पनि कृषिका कार्यक्रम गरेका छौं । |
| हरि बादी झुप्रा | झुप्रा वस्तीमा खानेपानी पाइप आगलागीबाट जलेको छ । खानेपानी समस्या कहिलेसम्म समाधान हुन्छ ? | देव कुमार सुवेदी नगर प्रमुख | पहिले पनि खानेपानी समस्या समाधानका लागि नगरपालिकाले काम गरेको हो । पाइप जलेको छ भने छिटै पाइप उपलब्ध गराउन सकिन्छ । कार्यालयमा आउनुहोला । |
| अनिल | चूनावी एजेण्डाका रुपमा राख्नुभएको नगर वस कहिले चढ्न पाइन्छ ? | देव कुमार सुवेदी नगर प्रमुख | नगरवस सञ्चालन गर्न खोज्दा पनि सकेका छैनौं । यो आर्थिक बर्षमा सकिन्छ की हेरौं । |
| | विउरेनीमा वीरेन्द्रनगर छिर्ने बेला नै फोहोर फालिन्छ यसले कस्तो सन्देश दिन्छ ? | देव कुमार सुवेदी नगर प्रमुख | त्यहाँ नगरपालिकाले फोहोर फालेको होइन। लुकी छिपि फाल्ने गरेका छन हामी नियन्त्रण गर्छौं । |

| | | | |
|---|---|---|---|
| खीम ब. बुढा<br>वीनपा ११ | आधारभूत शिक्षा निशुल्क भनिन्छ हामी झुप्राका बालबालिकाले धुलियाबिट स्कूलमा शुल्क तिर्नु परेको छ किन हो ? | देव कुमार सुवेदी<br>नगर प्रमुख | विद्यालयले शुल्क लिन पाइदैन । यदि अभिभावकहरुले स्वइच्छाले दिएको बाहेक । तर कोचिङ शुल्क हो भने लिन सक्छन् । |
| पार्वती पंगाली | यूवालाई समेट्नका लागि वीरेन्द्रनगरको कस्तो नीति छ ? | देव कुमार सुवेदी<br>नगर प्रमुख | यूवाका लागि छुट्टै नीति बनाएका छैनौं । आगामी दिनमा यसलाई ध्यान दिन्छौं । |
| | शिक्षामा अंग्रेजी माध्यमलाई मात्र किन प्राथमिकता दिइएको छ ? स्थानीय पाठ्यक्रम र भाषालाई पनि ध्यान दिनुपर्‍यो । | | अंग्रेजीलाई मात्र जोड दिएको होइन । अब हामी स्थानीय पाठ्यक्रम पनि लागू गर्दैछौं । तर विश्व बजारमा प्रतिस्पर्धा गर्न अंग्रेजी पनि पढ्नु चाँही पर्छ । |
| ध्रुब चालिसे | नगरभित्र खानेपानीको चरम अभाव छ समाधानका लागि नगरपालिको के सोचेको छ ? | देव कुमार सुवेदी<br>नगर प्रमुख | खानेपानी समस्या समाधान गर्नका लागि भेरीको पानी ल्याउने योजना छ तर विविध कारणले टेण्डर हुनसकेको छैन । अब जेठ सम्ममा टेण्डरमा जाने संभावना छ । |
| | बिद्युतको लो भोल्टेज समस्या छ यसको समाधानका लागि के गर्न सकिन्छ ? | | यसका लागि विद्युतसंग समन्वय गरौंला तर हामी आफैले केही गर्न सक्ने अवस्था छैन । |

प्रतिवेदन बुझाएको मिति २०७८ बैषाख २ गते

संयोजन कर्ताको हस्ताक्षर 

# सार्वजनिक सुनुवाईमा गरिएका लिखित प्रतिबद्धता

विरेन्द्रनगर नगरपालिकाको आयोजनानेपालयुवा संस्था सञ्जाल(**आयोन**) प्रयास कर्णाली प्रदेश सुर्खेत र इन्सेक कर्णाली प्रदेश सुर्खेत कार्यालय प्राविधिक र आर्थिक सहयोगमा भएको सार्वजनिक सेवा प्रभावकारिता तथा गुणस्तरीयता का लागि मिति२०७७ चैत ३० गते भएको सार्वजनिक सुनुवाइ कार्यक्रमामा पारित सार्वजनिक प्रतिवद्धता :-

**प्रतिवद्धता नं १ :**

विरेन्द्रनगर नगरपालिकाले आउदो आ.व .२०७८/७९ मा युवा लक्षित वर्गको बेजटमा वृद्धि गर्न सामुहिक प्रतिबद्धता ब्यक्तगर्दछौ ।

**प्रतिवद्धता नं २ :**

विरेन्द्रनगर नगरपालिकाले आउदो आ.व.२०७८/७९ मा कृषि क्षेत्रको बेजटमा वृद्धि गर्न सामुहिक प्रतिबद्धता ब्यक्तगर्दछौ ।

**प्रतिवद्धता नं ३ :**

फरक क्षमता भएका व्यक्तिहरु कार्यालयमा सुचना लिन आएमा बुझ्िने गरी सुचना उपलब्ध गराउने साथै फरक क्षमता भएका बालबालिकाका विषयमा आगामी दिनमा योजना बनाउदा अझ्ा बढि ध्यानदिने सामुहिकप्रतिबद्धता ब्यक्तगर्दछौ ।

**प्रतिवद्धता नं ४**

महिला स्वास्थ्य स्वयमसेविकालाई तत्काल परिचय पत्र उपलब्ध गराउने साथै माक्स सेनिटाइजर प्रयाप्त उपलब्ध गराउने र प्रोसाहन भत्ता उपलब्ध गराउन लागि थप पहलगर्ने दिने सामुहिक प्रतिबद्धता ब्यक्त गर्दछौ ।

**प्रतिवद्धता नं. ५**

नगरस्तरिय सार्वजनिक पुस्तकालय कार्यान्वयमा ल्याउने सामुहिक प्रतिबद्धता ब्यक्तगर्दछौ ।

**प्रतिवद्धता नं. ६**

बाटो लगायत अन्य विवादका विषयमा न्यायिक समितिमा उजुरी दिएमा सामाधानका लागि पहल गर्ने सामुहिक प्रतिबद्धता ब्यक्त गर्दछौ ।

**प्रतिवद्धता नं. ७**

झ्ुप्रा खोलामा आवश्यकता अनुसार खानेपानी पाइपको ब्यबस्था गर्ने सामुहिक प्रतिबद्धता ब्यक्तगर्दछौ ।

**प्रतिवद्धता नं. ८**

वीरेन्दनगरमा देखिएको खानेपानीको समस्या समाधानका लागि यथा सक्य पहलगर्ने सामुहिक प्रतिबद्धता ब्यक्त गर्दछौ ।

**प्रतिवद्धता नं. ९**

अविभावक विहिन बालबालिकाहरुको शिक्षा र स्वास्थ्य लगाएका आधारभुत आवाश्यकता पुरा गर्न आवश्यक व्यबस्था गर्ने साथै वीरेन्दनगर नगरपालिका वडा न १ सरस्वती प्राविमा अध्यनरत सृजना सुनारको मुटुको भल्वमा देखिएको समस्या समाधानका लागि स्वास्थ्य उपचार र पठनपाठनको व्यबस्था सामुहिक प्रतिबद्धता ब्यक्तगर्दछौ ।

**प्रतिवद्धता नं. १०**

आगामी दिनमा यस विरेन्द्रनगर नगरपालिकाको सार्वजनिक सेवाको प्रभावकारिताका लागि सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिनुको साथै प्रत्येक वडामा पनि यस सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरतदिनुपर्ने सहमत छौ ।

**प्रतिवद्धता नं. ११**

लक्षित वर्गको बजेटमा एकल महिला र गर्न्धव समुदायमा बादी समुदाय र अपाङ्गत ।भएका व्यक्तिहरुलाई प्राथमिकता दिने सामुहिक प्रतिबद्धता ब्यक्तगर्दछौ ।

**प्रतिवद्धता नं. १२**

विरेन्द्रनगर नगरपालिकाले निमार्ण गर्ने निती कार्यक्रमहरुलाई युवा मैत्री बनाउने सामुहिक प्रतिबद्धता ब्यक्त गर्दछौ ।

**प्रतिवद्धता नं. १३**

विरेन्द्रनगर नगरपालिकाले युवा नीति र युवा सर्म्पक व्यक्तिको तोक्नको लागि पहल गर्ने सामुहिक प्रतिबद्धता ब्यक्त गर्दछौ ।

.........................

**देबकुमार सुवेदी**
नगरप्रमुख
विरेन्द्रनगर नगरपालिका सुर्खेत

..............................

**मोहनमाया ढकाल**
नगर उपप्रमुख
विरेन्द्रनगर नगरपालिका

.............................

**टिकाराम ढकाल**
प्रमुख प्रशासकीयअधिकृत
मितिः२०७७/१२/३०

## सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्वीहरु




*सहभागीले उठाएका प्रश्नको जवाफ दिँदै जवाफदेहि वक्ता*




*कार्यक्रममा आफ्ना जिज्ञासा राख्दै सहभागी ।*

# सार्वजनिक सुनुवाइको समाचार कभरेज

www.sajhabisaunee.com

साझा बिसौनी
दैनिक

• वर्ष ११ • अंक २६१ • मंगलबार ३१ चैत, २०७७ • नेपाल संवत् ११४१, चौलाथ्वः प्रतिपदा • SAJHA BISAUNEE DAILY • Tuesday, 13 April, 2021 • sajha.bisaunee@gmail.com • पृष्ठ ४ • मूल्य रू. ५।-

## नगरपालिकासँग सेवाग्राहीका गुनासाका चाङ

• सीता वली | सुर्खेत

'वीरेन्द्रनगरको फोहोर व्यवस्थापन कहिले हुन्छ ? व्यवस्थित नाली कहिले बन्छन् ? हामीले नगरबस चढ्न पाउने कहिले होला ? नगरबासी धुलोबाट आजित छौं, यसको व्यवस्थापन किन भएन ?' वीरेन्द्रनगरका बासीन्दाले नगरपालिकाका प्रमुख र उपप्रमुखलाई एक सार्वजनिक कार्यक्रममा राखेका गुनासा हुन् यी।

वीरेन्द्रनग-६ का शंकर आचार्यले जवाफदेही वक्ताको रूपमा बसेकाहरूलाई प्रश्नको ओइरो लगाए । उनले सोधे, 'कहिले धुलोबाट मुक्ति पाइन्छ ? सडक र नाला व्यवस्थित बनाउन कति समय लाग्ने हो ? राजधानीका सडकमा जेब्राक्रस खोइ ?' उनले नागरिकको स्वास्थ्यमा स्थानीय सरकार संवेदनशील नभएको बताए । 'विकासको नाममा नागरिकको स्वास्थ्यमा असर परेको छ,' आचार्यले भने 'कम्तिमा सडक निर्माण गर्दा पानी हाल्नुस्, न्यूनतम सेवा सुविधाबाटै नागरिकहरू वञ्चित भइरहेका छन्।' उनले आफूहरूलाई राजधानीबासी भन्न पनि सरम लाग्ने गरेको बताए।

सोमबार जिल्ला समन्वय समितिको सभाहलमा वीरेन्द्रनगर नगरपालिकाको भौतिक तथा सामाजिक विकास र कार्यालयले प्रदान गरेका सेवाबारे सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा हलभरी खचाखच नगरबासीले नगरपालिका कार्यालय र खासगरी जनप्रतिनिधिसँग थुप्रै




गुनासाहरू राखेका थिए। सार्वजनिक सुनुवाइमै सहभागी वीरेन्द्रनगर-११ का देवराज घोडासैनीले नगरले अहिलेसम्म युवासम्बन्धी नीति नबनाएको भन्दै आक्रोश पोखे । 'चार-चार वर्षसम्म तपाईंहरूले युवाका लागि के गर्नुभयो ? 'युवा जनशक्तिप्रति नगरको धारण के हो ?' उनले भने । घोडासैनीले नगरले युवा लक्षित बजेट समेत विनियोजन नगरेको आरोप लगाए। उनको प्रश्न थियो, 'युवालाई नीति निर्माण र बजेटमा नसमेटेर कसरी विकास गर्नुहुन्छ ?'

सार्वजनिक सुनुवाइमा सीमान्तकृत समुदायका सवालमा पनि नगरपालिका गम्भिर नबनेको सहभागीले आरोप लगाए। वीरेन्द्रनगर-५ की करिश्मा बैगार 'गन्धर्व' ले सीमान्तकृतका लागि बजेट निर्माण गर्दा गन्धर्व जाती नसमेटिएको गुनासो गरिन्। 'सरकारको नीति कार्यक्रमले हाम्रो समुदायलाई समेट्दैन,' उनले भनिन् 'नीति र नेतृत्वमा नभएपछि हाम्रा सवालको बेवारता हुने गरेको छ ।' उनले नगरपालिकाले भौतिक पूर्वाधारमा मात्रै ध्यान नदिइ सामाजिक काममा पनि उत्तिकै जिम्मेवार बन्नुपर्ने सुझाइन्।

वीरेन्द्रनगर-४ का प्रकाश सारुले बजार क्षेत्रमा छाडा चौपायको बिगबिगी भएको भन्दै यसको व्यवस्थापनमा नगरपालिका लाग्नुपर्ने बताए । उनले नगरका युवाहरूमा बढ्दै गएको दुर्व्यसनी न्यूनिकरण र युवा उमेरका महिला तथा पुरुषका लागि आय-आर्जनका कार्यक्रम ल्याइनुपर्ने बताए । सारुले ट्राफिक व्यवस्थापनमा पनि वीरेन्द्रनगर नगरपालिका चुकेको सुनाए।

युवा तेजेन्द्र चन्दले समेत वीरेन्द्रनगरमा अपाङ्गतामैत्री भौतिक संरचनाको खाँचो रहेको औंल्याए। 'सडकको कुरा छोडौं,' उनले भने, 'कम्तीमा पनि भौतिक संरचना अपाङ्गतामैत्री त बनाउनुस्।' सार्वजनिक सुनुवाइमा नगरको खानेपानी संकट, ढल निकाश, फोहोर व्यवस्थापन, भौतिक संरचना, शिक्षा र स्वास्थ्यलगायतका विभिन्न क्षेत्रमा नागरिकहरूले प्रश्न गरेका थिए।

सोमबार वीरेन्द्रनगर नगरपालिकाको आयोजना तथा नेपाल युवा संस्था 'आयोन' प्रयास परियोजना र अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक कर्णाली प्रदेशको आर्थिक सहयोगमा आयोजित सार्वजनिक सुनुवाइमा सहभागी नागरिकहरूले धक फुकाएरै नगरपालिकाका प्रतिनिधिलाई प्रश्न राखेका हुन्।

कार्यक्रममा बोल्दै एकल महिला संस्था सुर्खेतकी अध्यक्ष ममता नगालले नगरपालिकाले सार्वजनिक सुनुवाइ कार्यक्रम समेत नगरले लुकीछिपी गर्ने गरेको बताइन्। सबै वर्ग, टोल विकास संस्था, नागरिक सरोकारवालाहरूको सहभागिता सुनुवाइ हुनुपर्नेमा सीमित मान्छे जम्मा गरेर औपचारिकता निभाउने गरिएको उनको आरोप थियो । एकल महिलाका लागि समेत नगरले उचित बजेट तथा कार्यक्रम नल्याएको उनको भनाइ थियो।

जवाफदेही वक्ताका रूपमा रहेका नगर प्रमुख देशकुमार सुवेदीले सबै वर्ग र समुदायलाई समेटेर विकासका काम अगाडि बढाउने प्रयास गरिएको जनाए । उनले नागरिकका गुनासालाई समेट्न भनेरै बेलाबेलामा यस्ता कार्यक्रम राख्ने गरिएको बताए। 'सार्वजनिक सुनुवाइले हामीलाई आगामी दिनमा सच्चिन मद्दत पुग्छ,' उनले भने, 'यहाँहरूका सुझावअनुसार नै अघि बढिनेछ ।' नगरप्रमुख सुवेदीले उठेका सवालमा आफूहरू गम्भिर भएको बताउँदै आउँदा दिनमा नगरबासीका गुनासाको सम्बोधन गर्ने प्रयास गरिने प्रतिबद्धता समेत व्यक्त गरे।

सार्वजनिक सेवाको गुणस्तरियताका लागि सार्वजनिक सुनुवाइ कार्यक्रममा १३ बटा प्रतिबद्धता समेत व्यक्त गरिएको छ। जसमा वीरेन्द्रनगर नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ युवा लक्षित कार्यक्रमका लागि बजेट वृद्धि गर्ने, कृषि क्षेत्रको बेजटमा वृद्धि गर्ने, फरक क्षमता भएका व्यक्तिहरू कार्यालयमा सूचना लिन आएमा » बाँकी पृष्ठ ६

## प्रदेशसभाको बैठक आह्वान




■ साझा बिसौनी संवाददाता | सुर्खेत

कर्णाली प्रदेशसभाको सातौं तथा हिउँदे अधिवेशन आह्वान गरिएको छ । प्रदेशसभाको बैठक बैशाख ३ गतेका लागि बोलाइएको हो । कर्णाली प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख गोविन्दप्रसाद कलौनीले सोमबार बैशाख ३ गतेका लागि बैठक आह्वान गरेका हुन्।

आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेशसभाको हिउँदे अधिवेशन बैशाख ३ गते बोलाउन प्रदेश प्रमुखलाई सिफारिस गरेको थियो। प्रदेश प्रमुख कलौनीले बैशाख ३ गते दिउँसो दुई बजेका लागि प्रदेशसभाको बैठक बोलाएका हुन् । प्रदेशसभाको छैठौं तथा बर्षे अधिवेशन सकिएको करिब ६ महिनापछि हिउँदे अधिवेशन बस्न लागेको हो। बर्षे अधिवेशन गएको कार्तिक ९ गते अन्त्य भएको थियो । पछिल्लो राजनीतिक घटनाक्रमले प्रदेशसभाको बैठक प्रभावित हुँदै आएको थियो।

मुख्यमन्त्री महेन्द्रबहादुर शाही नेतृत्वको सरकारबाट नेकपा एमाले बाहिरिसकेको छ। एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएको बैशाख ५ गते एक महिना पुग्दै छ। एमालेले समर्थन फिर्ता लिएसँगै अल्पमतमा परेका मुख्यमन्त्री शाहीले बैशाख ३ गते बस्ने प्रदेशसभाबाट विश्वासको मत लिने प्रयास गर्ने बुझिएको छ । मुख्यमन्त्री शाहीसँग अब राजीनामा दिने वा विश्वासको मत लिने भन्नेबारे दुई वटा विकल्प मात्र बाँकी छन्। गएको चैत ५ गतेदेखि लागू हुनेगरी एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि शाही सरकार अल्पमतमा छ।

यसैबीच, नेकपा माओवादी केन्द्रको दलको बैठक भोलि (बुधबार) बस्दै छ। दलको बैठकमा विकसित राजनीतिक घटनाक्रमअनुसार कसरी अघि बढ्ने भन्नेबारे निर्णय गरिने माओवादी केन्द्रका प्रदेशसभा सदस्य गोपाल शर्माले बताए । 'मुख्यमन्त्रीले विश्वासको मत लिनुहुन्छ होला। बुधबार हाम्रो संसदीय दलको बैठक पनि बस्दै छ। अब कसरी अघि बढ्ने भनेर दलले निर्णय लिन्छ।'

सुर्खेत, ३१ चैत । (जागरण)

विरेन्द्रनगर नगरपालिकाको आउदो आर्थिक बर्ष २०७८÷०८९ मा युवा, महिला, दलित, अपांगता भएका व्यक्ति र असहाय बालबालिका लक्षित कार्यक्रम बृद्धि गर्ने प्रतिबद्धता जनाएको छ ।

वीरेन्द्रनगर नगरपालिकाले सोमबार आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रसाशकीय अधिकृतसहित सरोकारवालाहरुले यस्तो प्रतिबद्धता जनाएका हुन् । विरेन्द्रनगर नगरपालिकाले निर्माण गर्ने नीति कार्यक्रमहरुलाई युवामत्री बनाउने तथा युवा नीति र युवा सम्र्पक व्यक्ति तोक्ने पनि प्रतिबद्धता जनाइएको छ । यस्तै आउँदो आर्थिक बर्षमा कृषि क्षेत्रको बजेटमा वृद्धि गर्ने, फरक क्षमता भएका व्यक्तिहरुलाई बुझिनेगरी सुचना उपलब्ध गराउने, फरक क्षमता व्यक्ति असहाय बालबालिकालाई संरक्षण गर्नेगरी योजना बनाउने पनि प्रतिबद्धता जनाइएको छ । महिला स्वास्थ्य स्वयमसेविकालाई तत्काल परिचय पत्र उपलब्ध गराउने र उनीहरुलाई कार्यक्षेत्रमा खटिदा प्रयाप्त स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्था गर्ने, नगरस्तरिय सार्वजनिक पुस्तकालय बनाउने, झुप्रा खोलाको वस्तीमा आवश्यकता अनुसार खानेपानीपाइपको ब्यबस्थागर्ने सामुहिक सरोकारवालाहरुले जनाएका छन् । कार्यक्रममा वीरेन्दनगरमा देखिएको खानेपानीको समस्या समाधानका लागि यथा सक्य पहल गर्ने, अविभावक विहिन बालबालिकाहरुको शिक्षा र स्वास्थ्य लगाएका आधारभुत आवाश्यकता पूरा गर्न आवश्यक ब्यबस्था गर्ने आगामीदिनमा विरेन्द्रनगर नगरपालिकाको सार्वजनिक सेवाको प्रभावकारिताका लागि सार्वजनिक सुनुवाईकार्यक्रमलाई निरन्तरतादिनुको साथै प्रत्येक वडामा पनि सार्वजनिक सुनुवाई गर्ने, लक्षितवर्गको बजेटमा एकल महिला र गन्ध्रव समुदायमाबादी समुदाय र अपाङ्गताभएकाव्यक्तिहरुलाई प्राथमिकतादिने सामूहिक प्रतिबद्धता गरिएको छ ।

नेपाल युवा संस्था सञ्जाल (आयोन) प्रयास कर्णाली प्रदेश सुर्खेत र इन्सेक कर्णाली प्रदेश कार्यालयको प्राविधिक र आर्थिक सहयोगमा कार्यक्रम सम्पन्न भएको हो ।

44
Shares




**चैत ३०, सुर्खेत**

वीरेन्द्रनगर नगरपालिका सुर्खेतले विकास निर्माण र सामाजिक सुरक्षाका क्षेत्रमा गरिरहेको कामहरु वारे सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ ।

'सार्वजनिक सेवाको गुणस्तरीयताका लागि सार्वजनिक सुनुवाई' भन्ने मुल नाराका साथ वीरेन्द्रनगरमा सोमवार आयोजित कार्यक्रममा नगरपालिकाले आफुले थालेका कामहरु र भएका प्रगतिहरुको विवरण सार्वजनिक सुनुवाई मार्फत सार्वजनिक गरेको हो ।

कार्यक्रममा वीरेन्द्रनगर पालिकाका प्रमुख देवकुमार सुवेदीले सकेसम्म जेष्ठ १५ गतेभित्रै सहरी नापी सकेर लालपुर्जा वितरण गरिने आफुहरुको योजना रहेको दाबी गरे । चालुवर्षदेखि ढलनिकासको काम दिगो योजनाका साथ सुरु गरिएको वताउँदै आगामी समयमा यसको समस्या नहुने जिकिर गरे ।

उनले टुहुरा वालवालिकाहरुका लागि नगरपालिकाले छात्रवृतीको योजना ल्याउने जानकारी दिए । असहाय र अशक्तहरुलाई नगरपालिकाले सहयोग गरिरहेको र आगामी दिनमा अझै कसरी प्रभावकारी वनाउने भन्नेमा नगरपालिका लाग्ने प्रतिवद्धता जनाए ।

उठेका सवालहरुको जवाफ दिदै उप प्रमुख मोहनमाया ढकालले न्यायको पहुँचमा सवै नभएको भन्दै आगामी दिनमा यसका लागि आफुहरुले थप प्रयत्न गर्ने वताईन । उनले नगरपालिकामा निकट भविष्यमा एकजना

उपस्थिति

# नागरिक प्रतिवेदन पत्र